*Unity Journal*
Vol.5, 367-378, Feb 2024
https://doi.org/10.3126/unityj.v5i1.63214
Prithivi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

ISSN - 2717-4751

***Article history***
*Received: 15 Nov 2023*
*Accepted: 21 Jan 2024*

# गैंडा संरक्षणका लागि सुरक्षा प्रबन्धः चुनौती र अवसर

**गोकर्ण देवकोटा***

**लेखसार**

गैंडा लगायत दुर्लभ वन्यजन्तुको संरक्षणका लागि वि.सं. २०३० मा चितवन राष्ट्रिय निकुञ्जको स्थापना भएपछि संरक्षण सुरक्षामा वि.सं. २०३२ सालबाट खटिरहेका नेपाली सेनाका हाल १५ वटा युनिट, १ शिक्षालय र निर्देशनालयका गरी ८१३६ कुल फौजहरू रहेका छन्। नेपाल सरकारको ब्यावहारिक संरक्षण नीति र नेपाली सेनाको उचित सुरक्षा प्रबन्धका कारण सन् १९६० को दशकमा करिब १०० को हाराहारीमा पुगेको गैंडाको संख्या सन् २०२१ मा ७५२ पुगेको छ। गैंडाको दैनिकी, जीवनचक्र र आनिबानी अत्यन्त संवेदनशील भएको र चोरी शिकार नियन्त्रण तथा अनुकूल वासस्थान गैंडा संरक्षणको पहिलो खुड्किलो भएकाले अनुकुल बासस्थानको उपलब्धता, पर्याप्त पानी तथा घाँसे मैदानको व्यवस्थापनसँगै सुरक्षा प्रबन्धमा समेत सुधार आवश्यक छ। गैंडा संरक्षणमा संलग्न निकुञ्ज कार्यालय, नेपाली सेना, मध्यवर्ती पदाधिकारी, स्थानीय जनता र संरक्षण साझेदारहरूको अनुभव, हालसम्म उपलब्ध तथ्याङ्कहरू र गैंडा संरक्षण सम्बन्धमा हालसम्म गरिएका शोधपत्रहरूको अध्ययन गर्दा सुरक्षा र व्यवस्थापनमा पुरानो ढर्रा कायम रहेको तथा तारतम्य नमिलेको देखिएकाले गैंडाको प्राकृतिक वासस्थानको सुधार, सुरक्षा व्यवस्थापनमा प्रविधिको प्रयोग तथा खबर संकलनमा चुस्तता र स्थानीय जनताको जंगलसँगको परनिर्भरताको संबोधन भएमा गैंडा संरक्षणमा उलेख्य उपलब्धि हासिल हुनसक्ने देखिन्छ। प्रकृतिसंरक्षण कार्यको आयाम अनुसार ऐनमा नै सुरक्षाकर्मीको जिम्मेवारीलाई प्रष्ट पारी, संरक्षण शिक्षामा जोड दिँदै कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिमा तत्काल पहलकदमी लिई मानव वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरण गर्नुका साथै सरकार, सुरक्षाकर्मी, स्थानीय जनता, संरक्षण साझेदार बीचको समन्वय, सहकार्य र साझेदारीलाई थप परिस्कृत गरी शून्य वन्यजन्तु अपराधको अवस्था सिर्जना गर्न सकिएमा संरक्षण कार्य थप संस्थागत हुनेछ। यस सम्बन्धमा सम्बन्धित साझेदार हरूसँगको सर्वेक्षण तथा विज्ञहरूसँगको छलफलमा आधारित रही यस अनुसन्धानमा उजागर भएको प्रश्नको व्यावहारिक उत्तर पत्ता लगाई सिफारिस सहित प्रतिवेदन तयार पारिएको छ।

**शब्दकुञ्जीः** गैंडा संरक्षण, सुरक्षा रणनीति, चोरी शिकारी, प्राकृतिक वासस्थान, मानव-वन्यजन्तु द्वन्द्व, तहकिकात, तालिमचक्र

## पृष्ठभूमि

१५ औं शताब्दीसम्म गैंडाको वासस्थान गंगा र ब्रम्हपुत्र नदी किनार तथा पूर्वमा म्यानमार र पश्चिममा पाकिस्तानसम्म गैंडाको वासस्थान रहेको देखिन्छ (सुवेदी, २०१२)। नेपालमा कोशी, राप्ती, नारायणी, बबई,

* Lieutenant Colonel, Nepali Army
Email ID : devkota3953@gmail.com

कर्णाली र महाकाली नदी किनारका वासस्थानहरूमा गैंडाको बृहत्तर उपस्थिति रहेकोमा सन् १९६६ मा नेपालमा गैंडाको संख्या करिब १०० मा घटेको थियो (सुवेदी, २०१२)। तत्कालीन अवस्थामा गैंडा सुरक्षाको आवश्यकता महसुस गरी वि.सं.२०१९ सालमा गैंडा गस्तीको व्यवस्था गरी गैंडा संरक्षणमा नेपाली सेनाको एक टुकडी सहभागी रहे पनि कमाण्ड संरचना राम्रो नहुँदा उक्त गस्ती टोली नै वयस्क गैंडाको शिकारमा संलग्न भएको प्रमाण फेला परेको थियो (अधिकारी, २०२३)। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को प्रबन्ध पश्चात् गैंडाको निरन्तर शिकार, वन्यजन्तुको वासस्थानमा आएको प्रतिकूलतालाई रोक्न वि.सं. २०३० मा चितवन राष्ट्रिय निकुञ्ज स्थापना भयो। संरक्षित क्षेत्रको सुरक्षा संवेदनशीलतालाई मनन गरी तत्कालीन नेपाल सरकारको मन्त्रिपरिषदको २०३२/०१/०५ गतेको निर्णय बमोजिम ६ वटा संरक्षित क्षेत्रमा शाही नेपाली सेनाको सुरक्षा टोली तैनाथ भयो (नेपाल राजपत्र, २०३२)। सुरुमा सगरमाथा से.मु.का नामबाट संरक्षित क्षेत्रमा तैनाथ सुरक्षा टोलीको प्रभावकारी काम देखेपछि सरकारले मन्त्रिपरिषदबाट निर्णय गरी २०६९ र २०७२ सालमा अन्य थप संरक्षित क्षेत्रहरूमा समेत नेपाली सेना तैनाथ गरेको थियो। सोही अनुसार हाल १४ वटा संरक्षित क्षेत्रहरूमा नेपाली सेनाका ७ वटा गुल्म, ८ वटा गण, चितवनको कसरामा प्रकृति संरक्षण शिक्षालय र जङ्गी अड्डामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय गरी ८१३६ फौज तैनाथ रहेका छन् (निर्देशनालय, २०८०)।

गैंडाको वासस्थान, आवत जावत गर्ने स्थान तथा नाका, गैंडाको वासस्थान नजिक रहेका वासिन्दाहरूलाई दृष्टिगत गरी सुरक्षा प्रबन्धकै लागि मात्र चितवनमा ४९, बर्दियामा १४, शुक्लाफाँटमा ७, पर्सामा ४ वटा नेपाली सेनाका सुरक्षा पोष्टहरू तैनाथ छन् (फिल्ड सर्भे, २०८०)। उक्त सुरक्षा पोष्टहरूबाट दैनिक कम्तीमा छोटो दूरीको पट्रोल ३ वटा, मासिक मध्यम दूरीको ४ दिन लामा पट्रोल ३ वटा, लामो दूरीको ७ दिन लामो पट्रोल १ वटा नियमित भएका छन्। उपलब्धता अनुसार हात्ती, गाडी, मोटरसाइकल, साइकल, डुङ्गा मार्फत् सुरक्षा कारवाहीहरू संचालन भइरहेका छन्। उक्त सुरक्षा कारवाहीहरूमा निकुञ्जका कर्मचारीहरूको प्रत्यक्ष उपस्थिति हुने गर्दछ। सबै क्षेत्रहरूबाट चोरी शिकारी र अवैध गतिविधिको नियन्त्रण गर्न, सञ्चालन समेत भएका गतिविधिको निगरानी गर्न र संयुक्त योजना निर्माण गर्न तथा संयुक्त छलफल र अनुगमन गर्न संयुक्त अपरेशन कक्ष (JOC) संचालनमा रहेका छन् (फिल्ड सर्भे, २०८०)। उक्त अपरेशन कक्ष २४/७ संचालन हुने गरेको छ।

चुस्त, दुरुस्त र प्रभावकारी सुरक्षा व्यवस्थापन, संरक्षण सरोकारवालाहरूको निरन्तर प्रयास, उचित सरकारी नीति र सोको कार्यान्वयनका कारण चितवनमा मात्र सीमित भइसकेको गैंडाको वासस्थान बर्दिया र शुक्लाफाँटसम्म फैलिएको छ। सन् २०२१ को गणना अनुसार चितवनमा ६९४, बर्दियामा ३८, शुक्लाफाँटमा १७ र पर्सामा ३ गरी नेपालमा कुल ७५२ गैंडा रहेका छन् (गैंडा गणना, २०२१)। पहिला-पहिला गैंडाको उपस्थिति रहेको कोशीटप्पु वन्यजन्तु आरक्षमा पुनः गैंडाको वासस्थान निर्माण गरी २०८० साल आश्विनमा चितवनबाट २ वटा पोथी गैंडालाई कोशीमा स्थानान्तरण गरिएको छ।

**सर्वेक्षण**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को ३ख१ मा संरक्षित क्षेत्रको सुरक्षाको लागि नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउनेछ भनी उल्लेख छ (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९)। सोही ऐनको दफा २१ मा आत्मसुरक्षाका लागि आवश्यक काम गर्न सकिने, दफा २४ मा गिरतार गर्ने अधिकार र ३० मा मुद्दाको तहकिकात र दायरीमा सुरक्षाकर्मीका लागि थप व्यवस्था गर्ने प्रावधान छ। उक्त ऐनमा भएका व्यवस्थाले निकुञ्ज तथा आरक्षको सुरक्षाका लागि तैनाथ नेपाली सेनाको कार्यप्रकृति, जिम्मेवारीलाई स्पष्ट गर्दैनन्। साथै संरक्षण सम्बन्धी अन्य नियमावलीहरूमा समेत सुरक्षाकर्मीको जिम्मेवारी र अधिकारमा स्पष्टता छैन। प्रकृति संरक्षण कार्य कठिन, जटिल तथा अपरिहार्य कार्य भएकै कारण सुरक्षाको लागि नेपाली सेना परिचालन भएको बुझ्न सकिन्छ तर ऐन तथा नियमावलीमा सोको स्पष्ट व्यवस्था नहुँदा शक्तिप्रयोगको कानुनी वैधता माथि कहिलेकाहीँ प्रश्न उठ्ने

गरेको छ । वि.सं. २०७७ साल श्रावण ३ गते चितवन जिल्ला माडी नगरपालिकाको कुसुमखोलामा अतिक्रमित छाप्राहरू हटाउँदा भएको आगलागीको घटनालाई लिएर नेपाली सेनालाई मानव अधिकार उलङ्घन गरेको आरोप पनि लगाइएको थियो (एभरेष्ट इन्टरनेशनल, २०२१) । यसबाहेक संरक्षित क्षेत्रमा अवैध गतिविधिका लागि प्रवेश गरेका व्यक्तिहरूलाई नियन्त्रणमा लिँदा हुने द्वन्द्वले समेत सेना र नागरिक बिचको सम्बन्धलाई असर गरेको छ । यसको अर्थ कानुनी जटिलता भएका कारण नेपाली सेना बल प्रयोग गर्न र कानुनले निषिद्ध गरेका कार्य रोक्न कठिन छ भन्ने नै हो ।

नेपाली सेनाको स्वीकृत दरबन्दीको ८१३६ जना फौज प्रकृति संरक्षण सुरक्षाको लागि खट्टिएको छ (नेपाली सेनाको पुनः संरचना, २०७८) । सैनिक ऐन २०६३ ले प्रकृति संरक्षण सुरक्षालाई कुनै विशिष्टीकृत सेवा वा समूहमा विभाजन गरेको छैन । सैनिक सेवा नियमावली २०६९ ले यसलाई छुट्टै समूह नमानी वृत्तिविकास र अवसरको साधारण सेवा सरह मानेको छ । कठिन मौसमी चुनौती, जटिल भौगोलिक अवस्थामा चौविसै घण्टा सुरक्षाका लागि अपरेशनल रुपले खट्टिने फौजले अन्य साधारण सेवा सरह अवसर प्राप्त गर्दा काम गर्ने ईच्छा शक्तिमा ह्रास आउने देखिन्छ । सोही कारण २०७४ सालमा संरक्षणकर्मीका लागि आवश्यक प्रोत्साहन भत्ता र बिमाको व्यवस्थाका लागि मन्त्री स्तरीय निर्णय भई अर्थ मन्त्रालयमा पत्राचार भएकोमा अर्थ मन्त्रालयबाट सहमति प्राप्त नभई सो विषय हालसम्म विचाराधीन छ ।

१९२६ साल बैशाख ८ गते नागार्जुन जंगललाई सरकारी वन रहेको र सो वनमा प्रवेश नगर्न तत्कालीन राजा श्री ५ सुरेन्द्र वीर बिक्रम शाहदेवबाट उर्दी जारी भएको थियो (नागार्जुन जंगलमा रहेको शिलालेख, १८६९) । नागार्जुन जंगल, वनपैदावर, वन्यजन्तु जोगाउन सरकारी तवरबाट लागु गरिएको सो हुकुमले आज काठमाण्डौंवासीको पानी र स्वच्छ हावाको आवश्यकता पूरा गरिरहेको छ । उर्दी अनुसार कस्तुरी मार्नेलाई रु.२५०, घोरल मार्नेलाई रु.५०, चित्तल मार्नेलाई रु.१००, लगुना मार्नेलाई रु.६०, दुम्सी मार्नेलाई रु.२०, चराको फुल चोर्नेलाई रु.१५, साना चरा चुरुङ्गीहरू मार्नेलाई रु.२, स्याउला चोर्नेलाई रु.७, खुकुरीको विंड जत्रो रुख काट्नेलाई रु.१, पर्खाल भत्काउनेलाई १ हात पर्खालको रु.२० जरिवाना तोकिएको थियो (नागार्जुन जंगलमा रहेको शिलालेख, १८६९) । सो समयमा लागु गरिएको जरिवाना हालको संकटापन्न वन्यजन्तु मार्नेलाई तोकिएको जरिवाना रकमभन्दा धेरै हुन आउँछ । उक्त समयमा नार्गाजुनको जंगल जोगाउन पर्याप्त कानुनी प्रबन्ध लागु गरिएबाट वन जंगल जोगाउन कानुनी प्रबन्ध तथा सोको कठोर कार्यान्वयनको आवश्यकता दर्शाउँछ ।

सुरक्षा प्रबन्धका लागि फिल्ड तहमा खटिने नेपाली सेनाका युनिटहरूले विभिन्न तालिमचक्र पूरा गरी तैनाथ हुने गर्दछन् । तैनाथ हुनुपूर्व ३ महिनाको तालिम र तैनाथी पश्चात २ हप्ताको तालिम संचालन हुने गर्दछ । तालिम संचालनका लागि २०७२ सालदेखि चितवनको कसरामा प्रकृति संरक्षण शिक्षालय संचालनमा रहेको छ (शिक्षालय, २०८०) । उक्त शिक्षालयले फिल्डमा रहेका नेपाली सेना लगायत अन्य कर्मचारीहरूलाई संरक्षण सुरक्षा, प्रविधि, इन्टेलिजेन्स लगायतका तालिम प्रदान गर्ने गर्दछ । यस बाहेक नेपाली सेनाका युनिटहरूबाट स्थानीय जनता केन्द्रित रही मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, संरक्षण सुरक्षा, प्राथमिक उपचार लगायतका विषयवस्तु समावेश भएका सचेतना कार्यक्रमहरूसमेत संचालन हुने गरेका छन् । २०७९/०८० मा नेपाली सेनाका युनिटहरूबाट ३७९ वटा सचेतनामूलक कार्यक्रम संचालन गरी २३७४३ जनालाई जानकारी प्रदान गरिएको थियो (निर्देशनालय, २०८०) । तालिम र कार्यक्रमहरू संचालन भइरहे तापनि नेपाली सेनासँग ४ प्रकारका आधार तालिम, बोटे तालिम, सूचना प्रविधि तालिम, वन्यजन्तु अपराध नियन्त्रण तालिमका प्रेशीहरू उपलब्ध छन् । अन्य तालिमको लागि स्रोत शक्ति खोज्नु पर्ने अवस्था छ । संरक्षणमा खटिएका फिल्डतहमा सैनिक कर्मचारीहरू अवैध गतिविधि घाँस दाउरा, अवैध उत्खनन्, अवैध प्रवेश, अनियन्त्रित सवारी दुर्घटना रोक्न तल्लीन छन् । चोरी शिकार नियन्त्रणका लागि अति आवश्यक सूचना संयन्त्रको स्थापना र प्रयोगमा त्यति चासो र लगानी देखिँदैन ।

फिल्ड तहमा रहेका सैनिकका भवनहरू जीर्ण छन्, सवारी साधन पर्याप्त छैनन्। कतिपय स्थानहरूमा बत्ती नहुँदा साँझ पर्नुपूर्व नै खाना खानुपर्ने अवस्था छ। मोवाइलको नेटवर्क नहुदा पोष्टमा रहेका सैनिक जवानहरु धेरै दिनसम्म परिवारसँग सम्पर्कसमेत कायम गर्न सक्दैनन् (फिल्ड सर्भे, २०८०)। यस्तो अवस्थामा बसेका सुरक्षाकर्मीले आफु बाँची दुर्लभ वन्यजन्तु, जैविक विविधता र स्थानीयलाई बचाउन खट्नु परेको छ। सैनिक जनशक्तिसँग मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पर्याप्त ज्ञान, प्राविधिक जनशक्ति र साधन छैन। विना तयारी, विना स्रोत साधन खट्िदा सैनिक व्यक्तिले नै ज्यान गुमाएका घटना प्रशस्त छन्। २०७९।०६।०८ गते प्रतापपुर गाउँ छिरेको गैँडा लखेट्न जाँदा गैँडाको आक्रमणमा परी घाइते सैनिक उपचारत छन् भने २०७८।१०।०१ गते गाउँ छिरेको हात्तीबाट स्थानीय जनता जोगाउन खटिएका सेनाका अमल्दार गुप्त बहादुर थापाको मृत्यु भएको छ (फिल्ड सर्भे, २०८०)।

समग्रमा, अत्यन्त कम स्रोत साधन, अल्प ज्ञान, जीर्ण भौतिक पूर्वाधार, न्यूनतम मानवीय आवश्यकतासमेत पूरा नभएका स्थानमा सैनिकहरू तैनाथ रही तदर्थ शैलीमा गैँडा संरक्षणको जिम्मेवारी निर्वाह गरिरहेका छन। प्रकृति संरक्षणको जिम्मेवारी कुनै ऐन, नियम र नियमावलीले निर्देशित गरेको पाइँदैन। कानुनी प्रबन्ध नहुँदा उत्तरदायीपन र जिम्मेवारीबाट ३ वर्षका लागि दोस्रो अपरिभाषित जिम्मेवारीमा खट्िँदा आफ्नो पेशेवर ज्ञान ह्रास भएको अनुभूतिसमेत गरेको छ। प्रकृति संरक्षण सुरक्षा कार्यमा सबलीकरण गर्न आवश्यक क्षमता अभिबृद्धि कार्यमा नजर अन्दाज गरेको देखिन्छ।

## अनुसन्धान विधि र वैचारिक मार्गचित्र


नेपाल सरकारले मन्त्रि परिषदबाट निर्णय गरी निकुञ्ज आरक्षका सुरक्षाको लागि नेपाली सेना तैनाथ गरेको छ। निकुञ्जको समग्र व्यवस्थापनको कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तरगतका कर्मचारीहरूले गर्दछन्। प्राकृतिक स्रोत माथिको उपयोग र मध्यवर्ती क्षेत्रको व्यवस्थापन/उपयोगको लागि मध्यवर्ती समिति, समूह रहेका छन्। संरक्षणलाई सहयोग गर्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाको उपस्थिति उत्साहप्रद छ। फलतः नेपालले विभिन्न पक्षहरूसँग समन्वय, सहकार्य गर्दै गैँडाको ६ पटक शून्य चोरी शिकार वर्ष मनाएको छ। प्रकृति संरक्षण सुरक्षा जिम्मेवारी फरक प्रकृतिको भएको कारण सैनिक सिकाइ र सैनिक संरचनासँग मेल खाँदैन। संरक्षित क्षेत्रहरू घोषणा हुँदाको समयको आवश्यकताअनुसार व्यवस्थापन भएका सुरक्षा पोष्टहरूबाट नै सुरक्षा जिम्मेवारी निर्वाह हुँदै आएको छ। विविध प्राकृतिक र मानवजन्य कारणले गैँडाको वासस्थानमा भएको परिवर्तन, नयाँ स्थानहरूमा गैँडाको स्थानान्तरण पश्चात् सुरक्षा रणनीतिमा पुनःविचार आवश्यक देखिन्छ। पछिल्लो समय चोरी शिकारमा अत्याधुनिक हतियारको प्रयोग देखिएको, गैँडा मार्न विद्युतीय धरापको प्रयोग भएको तथ्य हाम्रा सामु छन्। उल्लेखित पक्षहरूलाई मनन् गर्दै बदलिँदो परिवेशमा गैँडाको कारणबाट हुने मानवीय मृत्यु शून्यमा राख्न गैँडालाई प्राकृतिक वासस्थानमै सुरक्षित राख्ने सवालहरूको अध्ययन गरी सत्यतथ्य पत्ता लगाई देखिएका सबल र कमजोर पक्ष सुधार गरेमा सैनिक संगठन र समस्त संरक्षणका लागि हितकर हुन्छ। यस अध्ययनमा गैँडा संरक्षण सुरक्षाका सबल र कमजोर पक्ष के के छन् ? फिल्ड तहका सैनिक सदस्यको कसरी क्षमता अभिवृद्धि गर्ने, सेनाको तैनाथी र कामलाई कसरी नतिजामुखी बनाउने ? मनोबल कसरी उच्च राख्ने ? दीर्घ कालसम्मको सुरक्षा रणनीतिलाई व्यवस्थापकसँग कसरी जोड्ने ? विषयमा केन्द्रित छ। गैँडा पाईने क्षेत्रको भ्रमण, कार्य अनुभव, राजपत्र, ऐन कानुन, मन्त्रिपरिषदका निर्णय आदिबाट सामग्री संकलन गरी अध्ययन गरिएको छ। यसमा तैनाथी, गैँडाको उपस्थिति, वासस्थान, आवतजावत, गैँडा-मानव द्वन्द्वको सुरक्षा अवस्था फिल्ड तहका कर्मचारीहरूको अनुभव, गरिरहेका कामको तरिकाको समीक्षा, सबलीकरणका प्रयास र गनुपर्ने काम बारेमा तथ्याङ्क संकलन गरिएको छ।

गैँडाको वासस्थान भएका चितवन, बर्दिया, शुक्लाफाँटा, पर्सा र हालै स्थानान्तरण भएको कोशी क्षेत्रको स्थलगत भ्रमण गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ। छलफलका लागि गैँडा सम्बन्धी अध्ययन गरेका

पूर्व संरक्षण अधिकृतहरू, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व-वर्तमान महानिर्देशकहरू, नेपाली सेनाका पूर्व निर्देशकहरूसँग घनिभूत छलफल गरिएको छ। त्यसैगरी, फिल्डका सैनिक अधिकृत, पोष्टपतिहरू सैनिक सदस्य, निकुञ्जका संरक्षण अधिकृतहरू मध्यवर्तीका पदाधिकारी तथा संरक्षण साझेदार संघ संस्थाका पदाधिकारीसँग व्यक्तिगत र सामूहिक भेट गरिएको छ। भेटघाट पूर्व चेकलिष्ट र प्रश्न तयार गरी पूर्ण तयारी गरिएको छ। प्रत्यक्ष भेटघाट हुन नसकेकाहरूसँग सामाजिक सञ्जाल र फोन मार्फत सम्पर्क स्थापित गरिएको छ। म आफैं चितवन राष्ट्रिय निकुञ्जमा २ वटा गणको कार्यकालमा कार्यरत रहेको, निर्देशनालयमा दोस्रो पटक कार्यरत रहेकाले आफ्नो कार्य अनुभवलाई समेत अध्ययनमा समेटिएको छ।

अध्ययनका लागि नेपाली सेना, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, सम्बन्धित निकुञ्ज तथा आरक्षमा वार्षिक प्रतिवेदन, समीक्षा, बैठक, सेमिनारका प्रतिवेदन, विभिन्न विज्ञहरूको लेख, पुस्तक, गैंडा सम्बन्धी अनुसन्धानात्मक लेख र पत्र पत्रिकामा प्रकाशित लेख अध्ययन गरी संकलन गरिएको छ। कतिपय जानकारीका लागि इन्टरनेट प्रयोग भएको छ । यसको निष्कर्षमा सुरक्षा रणनीतिलाई थप प्रभावकारी बनाउने व्यावहारिक सुझाव सिफारिस गरिएको छ।

**अध्ययनको वैचारिक मार्गचित्र**




**शून्य चोरी शिकारको अवधारणा र भविष्य**

नेपालमा सन् १९५० मा ८०० वटा गैंडा रहेकोमा तराइ क्षेत्रमा बढ्दो जंगल फँडानी, चोरी शिकारी, जंगली क्षेत्रको कृषिकरणको कारण सन १९६६ ताका करिब १०० को हाराहारीमा झऱ्यो (सुवेदी, २०१२)। सरकारी तवरबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को घोषणा, चितवन राष्ट्रिय निकुञ्जको स्थापना

२०३० र संरक्षणमा नेपाली सेनाको प्रयोगसहित सरकारी दृढ इच्छा शक्ति, प्रभावकारी योजना र स्थानीय जनताको उल्लेखनीय सहभागिताले गैंडाको संख्यामा उत्साहप्रद वृद्धि देखियो । सन् २००० मा ६१२ पुगेको गैंडाको संख्या द्वन्द्वकालमा सुरक्षा चुनौतीको कारण घटेर ४१८ मा झऱ्यो । यसले संरक्षणकर्मीहरूलाई ठूलो झड्का दियो । गैंडाको चोरी शिकारले अस्तित्व नै समाप्त हुने अवस्था भएपश्चात् दृढसंकल्प, विस्तृत योजना, फलामे सुरक्षा व्यवस्था, कानुन कार्यान्वयन र शिकार नियन्त्रणमा एकाग्रताको फलस्वरुप नेपालले संरक्षण साझेदारसमेतको संलग्नतामा शून्य चोरी शिकाररणनीतिमा मूल्याङ्कन, प्रविधि, क्षमता अभिबृद्धि, समुदायको उपयोग, अभियोजन र सहयोग रहेका  थिए । फलतः नेपालले सन २०११, २०१३, २०१५, २०१६, २०१९ र २०२० मा शून्य चोरी शिकार वर्ष मनाउन सफल भएसँगै गैंडाको संख्या वृद्धि भई सन् २०२१ को गणनामा ७५२ पुग्यो (गैंडा गणना, २०२१) । सोही बीचमा सेनाले आफ्नो विशेष क्षमताका फौज, इन्टेलिजेन्स टिम र प्रविधिसमेत सुरक्षाका लागि थप गरेको थियो । चोरी शिकारको समयलाई दृष्टिगत गरी संचालित विशेष अपरेशन महाहण्टले समेत भित्री क्षेत्रमा हुने चोरी शिकार नियन्त्रणमा सहयोग पुऱ्याएको थियो । २०७९ को मङ्सिर महिनामा चितवनको कालिका सामुदायिक वनमा हाडखोर मात्र बाँकी रहेको खाग चोरिएको गैंडा भेटिनु, सोही वर्ष पौषमा नवलपरासीको नारायणी तिरमा करेन्ट लगाई २ वटा माउ र बच्चा गैंडा मार्नु, २०८० भाद्र महिना प्रतापपुरको चुरे फेदीमा खाग नभएको हाडखोर मात्र भेटिनुले गैंडा सुरक्षामा थप चुनौति देखा परेको छ। गैंडाको अधिकतम चोरी शिकार पश्चात् चितवन राष्ट्रिय निकुञ्जमा प्राप्त सहयोगहरू वन्द हुनु, सुराकी संयन्त्र कमजोर वन्नु, कर्मचारीहरूको समय नपुगी सरुवा हुनु, सुरक्षा संयन्त्रले भित्री इलाकालाई मात्र सिल्ड गर्नु, परम्परागत सुरक्षा कारवाहीको भर पर्नु जस्ता कारण निवारण भएमा पुनः शून्य चोरी शिकार सम्भव छ (फिल्ड सर्भे, २०८०) ।

**प्रकृति संरक्षणको लागि सुरक्षा कार्यको कानुनी प्रबन्ध र सैनिक जिम्मेवारी**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को ३ख१ मा "निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको सुरक्षाका लागि नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने छ" भनी उल्लेख छ। नेपाल सरकारले २०३२, २०६९, २०७२ सालमा मन्त्रिपरिषदबाट निर्णय गरी निकुञ्ज आरक्ष सुरक्षाका लागि नेपाली सेना तैनाथ गर्ने निर्णय गरेको थियो । सोहीबमोजिम १२ वटा राष्ट्रिय निकुञ्ज, १ आरक्ष, १ शिकार आरक्षमा नेपाली सेनाका ८ वटा गण, ७ वटा गुल्म तैनाथ छन् (निर्देशनालय, २०८०) । चितवनमा प्रकृति संरक्षण शिक्षालय र केन्द्रमा निर्देशनालय गरी ८१३६ फौज प्रकृति संरक्षण सुरक्षा कार्यका लागि दरबन्दी कायम गरेको छ। प्रकृति संरक्षण सुरक्षा कार्यको प्रबन्धलाई विधिवत् गर्न २०६७०८।२३ गते नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयको संशोधित स्थायी कार्यविधि २०६७ रहेको छ। सोही कार्यविधि अनुसार नेपाली सेनाका युनिटहरूबाट संरक्षण सुरक्षाको जिम्मेवारी निर्वाह गर्दै आएको छ  (निर्देशनालय, २०८०) । उक्त कार्यविधिमा स्पष्ट जिम्मेवारी किटान नभए तापनि संरक्षणमा खटिएका फौजले संरक्षित क्षेत्र भित्रका प्राकृतिक स्रोतहरु वनस्पति, वन्यजन्तु र जैविक विविधताको सुरक्षा गर्ने, संरक्षित क्षेत्रभित्र रहेका सरकारी धार्मिक, साँस्कृतिक सम्पदाको संरक्षण तथा सुरक्षा गर्न, खट्टिएका कर्मचारीको सुरक्षा गर्ने, दुर्लभ वन्यजन्तु बाहिर गएमा वा वन्यजन्तु अपराध नियन्त्रणका लागि संरक्षित क्षेत्रबाहिरसमेत परिचालित हुने र विपद् व्यवस्थापनको कार्य गर्दै आइरहेका छन् । संरक्षणमा खट्टिएका सैनिकहरूको लागि सोही कार्यविधिको भाग ७ मा कसुरदारलाई गोली हान्न पाउने र गोली लागी मृत्यु भएमा बात नलाग्ने गरी ३ वटा अवस्थाहरू हातहतियार लुट्ने वा सेन्ट्रीलाई हमला गर्न आएमा, सरकारी सम्पति वनसम्पदा वा निषेधित वन्यजन्तुलाई क्षति पुऱ्याई संरक्षक टोलीलाई नै फायर गरी वा नगरी भागेमा र कुनै खतरनाक वन्यजन्तुबाट आफू र आनो व्यक्ति वा अन्य कुनै व्यक्तिलाई घातक हमला भएमा वा हुन सक्ने देखिएमा गोली चलाउन सक्नेछ भनी सीमा तोकिदिएको छ (कार्यविधि, २०६७) ।

**गैँडाको सुरक्षाका लागि तैनाथी र सैनिक काम कारवाही**


२०१८ सालमा गैँडा गस्तीको शुरुवात गैँडाको बढ्दो चोरीशिकारलाई नियन्त्रण गर्न भएको थियो। २०३० सालमा चितवन राष्ट्रिय निकुञ्जको घोषणा र २०३२ सालमा सुरक्षाका लागि सेना खटाउने निर्णयसमेत ठूला वन्यजन्तुको सुरक्षालाई नै केन्द्रित गरेको देखिन्छ। चितवन राष्ट्रिय निकुञ्जमा फौजको तैनाथी, गैँडाको वासस्थान, पुराना गाउँबस्तीको उपस्थिति, गैँडा हिंडडुल गर्ने नाका र संरक्षित क्षेत्रभित्र मानिस छिर्ने बाटाहरूलाई मध्यनजर राखी तैनाथ भएको देखिन्छ। सन् २०१४ चितवन, कसराको पूर्वी क्षेत्रमा ३५ प्रतिशत गैँडा रहेकोमा २०२१ मा कसरा पश्चिमका पुराना गाउँहरू पदमपुर, भिन्ले, खोरिया मुहान निकुञ्ज बाहिर स्थान्तरण भइ सके पश्चात् समेत सुरक्षा पोष्टहरूको तैनाथी २०३४ देखि २०४२ सालमै तय गरेबमोजिम छ (फिल्ड सर्भे, २०८०)। गैँडा सुरक्षाका लागि चितवनमा ४९, बर्दियामा १४, शुक्लामा ७, पर्सामा ४ वटा सुरक्षा पोष्टहरू तैनाथ छन् (फिल्ड सर्भे, २०८०)। तैनाथ सुरक्षा पोष्टहरूमा खट्टिने पट्रोलले नियमितको अलवा सुरक्षा चुनौती अनुसारको आकस्मिक र फरक पट्रोलहरूसमेत संचालन गरेको पाइन्छ। जंगलको घनत्व, झाडी बुट्यान, घोल, नदी, हिंस्रक जनावरको उपस्थिति, डर लगायतका कारणले गैँडाको वासस्थान, हर्कत गर्ने क्षेत्र सबै नियमित पट्रोलले कभर गर्न हात्ती र प्रविधिको सहयोग आवश्यक रहेता पनि पर्याप्त हात्ती र प्रविधि उपलब्ध छैन (फिल्ड सर्भे, २०८०)। स्थायी पोष्टबाट अर्को पोष्टको दूरी वैज्ञानिक छैन। घाँस, घोलको उपलब्धता, बाढी लगायतका कारणले गैँडाको वासस्थान परिवर्तन भएकोले सुरक्षा पोष्टहरू सोही अनुसार परिवर्तन गर्न आवश्यक छ। स्थायी संरचना, बजेटको कम उपलब्धता लगायतका कारणले समेत आवश्यकता अनुसार अस्थायी पोष्टहरू स्थापना गर्न, चुनौती अनुसार पोष्टलाई तत्काल सार्न सकेको देखिँदैन। कठिन मौसमी चुनौती, जटिल भौगोलिक अवस्था तथा हिंस्रक वन्यजन्तुको आक्रमणबाट प्रत्यक्ष रुपमा सुरक्षाकर्मी पीडित बनेका छन्। २०८० कार्तिक महिनासम्म ११६ जना नेपाली सेनाका सदस्यहरूले संरक्षण कार्यमा ज्यान गुमाएका छन् (निर्देशनालय,२०८०)। ज्यान गुमाउने तथा अङ्गभङ्ग हुने स्थानीय तथा अन्य संरक्षणकर्मीहरूको संख्या धेरै भए तापनि संरक्षणमा खट्टिएका सुरक्षाकर्मी तथा संरक्षणकर्मीका लागि उचित प्रोत्साहन र बिमाको व्यवस्था छैन।

सुरक्षा पोष्टहरूबाट कम्तीमा दैनिक रुपमा १ दिन भित्रको छोटो पट्रोल ३ वटा ५ दिनसम्मको मध्यम पट्रोल महिनामा ३ वटा र लामो दूरीको ७ दिनको पट्रोल १ वटा संचालन हुन्छन् (कार्यविधि, २०६७)। यसबाहेक आवश्यकता र उपलब्धता अनुसार हात्ती, मोटर, मोटरसाईकल, ढुङ्गा र साइकलबाट समेत पट्रोल संचालन हुन्छ। नाका र घाट संवेदनशील बाटाहरूमा अवैध गतिविधि हुन नदिन कुरेर एम्बुसको कार्य, जंगलभित्र हात्तीद्वारा स्वीप र सर्चको कार्यसमेत नियमित संचालन हुने गरेको छ। उल्लेखित कार्यहरू संयुक्त अपरेशन कक्षमा बसी संयुक्त रुपमा योजना तर्जुमा गर्ने, लागु गर्ने, अनुगमन गर्ने कार्य हुन्छ। सँगै गैँडा पाइने क्षेत्रमा नेपाली सेनाका सदस्यहरू सेनाले विकास गरेको Real Time Patrol apps जडित मोवाईल सहित पट्रोल गर्छन। प्रविधिले संरक्षण सुरक्षालाई थप प्रभावकारी बनाउने भए तापनि Real Time SMART Patrolling बाहेकका अन्य प्रविधिको र उपलब्धता र उपयोग नगन्य छ। खोलाको किनार, खुल्ला इलाका ड्रोनले एकै पटकमा लामो क्षेत्रलाई अवलोकन गर्न सकिने भए तापनि चितवन राष्ट्रिय निकुञ्जमा ड्रोनको संख्या शून्य छ (फिल्ड सर्भे, २०८०)। गैँडाका लागि महत्त्वपूर्ण मानिएको घाँसे मैदान/पानीघोल लगायतको बासस्थानमा निगरानी बढाउन यथाशीघ्र सबै सिमसार तथा घोलहरुसम्म पहुंच स्थापनाका लागि गैँडाको हिँडडुल हुने स्थान, अवैध रुपले प्रवेश गर्ने नाकाहरूमा क्यामरा (SMART EYE, SPY Camera) को प्रयोग अति आवश्यक छ। तर गैँडाको बाक्लो बासस्थान रहेका निकुञ्ज र सुरक्षा पोष्टहरूमा निगरानी गर्ने अग्लो पोष्ट, जासुसी क्यामराको उपलब्धता नगन्य छ। गैँडाको प्रोफाइल तयार गरी फिल्डमा रहेका कर्मचारी सुरक्षाकर्मीबाट दैनिक डाटा राख्ने कार्य आवश्यक भएता पनि शुरु भएको छैन। विगतमा चोरी शिकारमा संलग्न भई सजाय पाएका व्यक्तिहरूको प्रोफाइल तयार गर्ने, निगरानी गर्ने कार्य अति महत्वपूर्ण भए तापनि संस्थागत हुन सकेको छैन (फिल्ड सर्भे, २०८०)।

**क्षमता अभिवृद्धिको अवस्था**

गैँडाको सुरक्षा व्यवस्थापनका लागि खटिएका सुरक्षाकर्मी कर्मचारीको क्षमता अभिबृद्धि हुनु अति आवश्यक छ। व्यवस्थापनमा खट्टिएका निकुञ्जका फिल्ड तहका कर्मचारीले सहकर्मीसँगैको आनिबानी, बासस्थान, हिँडडुल, चोरी शिकारको अवस्था र खानपिनका बारेमा सिक्ने गर्दछन। कर्मचारीहरू आनो जागिर अवधिभर संरक्षणमा नै रहने हुँदा संस्थागत ज्ञान र सिप बढी हुने गर्दछ। नेपाली सेनाका युनिटहरू ३।३ वर्षमा स्थानान्तरण हुने गर्दछन्। फिल्डमा सिकेका प्रत्येक कुराहरू आनो सहकर्मीलाईं फिल्डमानै सिकाउने वा हस्तान्तरण गर्ने समय पर्याप्त हुँदैन। ३ वर्ष सुरक्षाको लागि खट्टिने गणका सकलदर्जाहरूलाई स्थान विशेषमा गैँडाको आनीबानी, बाटो, आक्रमण हुने अवस्था, चोरी शिकारको अवस्था, कारण बारेमा यथेष्ट जानकारी दिइरहनु पर्दछ। २०७२ सालमा प्रकृति संरक्षण सुरक्षा कार्यका लागि तैनाथ हुने सुरक्षाकर्मी र अन्य संरक्षणकर्मीको लागि तालिम प्रदान गर्ने उद्देश्यले प्रकृतिसंरक्षण शिक्षालय कसरामा स्थापना भएको छ। उक्त शिक्षालयले प्रकृतिसंरक्षण कार्यमा तैनाथ हुने युनिटहरूलाई आधारभूत तालिम, तैनाथ भएका फौजलाई प्रविधि, इन्टेलिजेन्स, डुङ्गा सम्बन्धी तालिम प्रदान गर्दछ। उक्त शिक्षालयले अन्य संरक्षणकर्मीका लागि पुनर्जागृति तालिम, संयुक्त तालिम संचालन गर्नुका साथै प्रकृतिसंरक्षण सम्बन्धी सचेतनामूलक कक्षाको पाठ्यक्रम तयार गरी लागू समेत गर्दछ। यो शिक्षालयलाई प्रकृति संरक्षण सम्बन्धी अनुसन्धान गर्ने, नयाँ प्रविधि र तरिका विकास गर्ने, संरक्षण सम्बन्धी नीति, नयाँ खोज र अनुसन्धान गर्ने एक संरक्षण शैक्षिक केन्द्रको रुपमा विकास गर्न सकेमा नेपालले प्रकृतिसंरक्षणमा थप संस्थागत उपलब्धि हासिल गर्ने देखिन्छ।

**समन्वय, सहकार्य र साझेदारी**




प्रकृतिसंरक्षण कार्य बहुआयामिक छ। गैँडाको आनीबानी, बासस्थान, जीवनचक्र अत्यन्त सामान्य रहेको कारण समेत संकटमा परेको हो। संरक्षणका लागि नीति निर्माणदेखि फिल्डमा कार्यान्वयनसम्म समन्वय, सहकार्य र साझेदारीको आवश्यकता छ। फिल्डमा व्यवस्थापनका लागि निकुञ्ज कार्यालय, सुरक्षाका लागि खट्टिने सेना, वन्यजन्तु अपराध नियन्त्रणमा काम गरिरहेको प्रहरी, संरक्षणमा प्रत्यक्ष सरोकार राख्ने स्थानीय जनता (मध्यवर्ती समूह, संरक्षणलाई माया गर्ने विभिन्न साझेदारसंगको निकटतम समन्वय साझेदारीले नै गैँडाको उचित सुरक्षा हुन सक्दछ। वन्यजन्तुको अपराध सम्बन्धी सूचना आदान प्रदान, गैँडाको उपस्थिति तथा हिँडडुलको अनुगमन, समस्याग्रस्त गैँडाको उद्धारका लागि तत्काल विभिन्न निकाय र व्यक्तिहरूको संलग्नता आवश्यक छ। गैँडाको स्थानान्तरण, अनुगमन, प्रविधिको प्रयोग र निरन्तरता, मानव-गैँडा द्वन्द्व न्यूनीकरण, स्रोतहरूको प्राप्ति र परिचालनमा समेत समन्वय आवश्यक छ। उक्त समन्वय वन्यजन्तु अपराध नियन्त्रण आदेश २०८० ले निर्दिष्ट गरेबमोजिम केन्द्रीय, प्रादेशिक र जिल्ला तहमा गठन भएका वन्यजन्तु अपराध नियन्त्रण समितिहरूले सहजीकरण गरी सकारात्मक भूमिका निर्वाह गर्न सक्दछन् (वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०)।

**गैँडासंरक्षण सुरक्षाका सबल पक्षहरू**

२०३२ सालमा नेपाल सरकारको निर्णयअनुसार संरक्षण सुरक्षाका लागि नेपाली सेनाको तैनाथी गैँडा संरक्षणको मुख्य सबल पक्ष हो। गैडा संरक्षणका लागि नेपाल सरकारले विशेष प्राथमिकता दिएको छ। संरक्षित क्षेत्र व्यवस्थापन रणनीति २०२२-३० ले गैँडाको संख्या करिब १०० बाट ७५२ मा पुग्नुलाई उपलब्धिको रुपमा स्वीकार गरेको छ। साथै, वन्यजन्तुको वासस्थानमा भएको ह्रास, मानव-वन्यजन्तु द्वन्द्व, चोरी शिकार नियन्त्रण लगायतलाई मुख्य चुनौतिका रुपमा लिई भूपरिधि संरक्षण नीतिलाई बलियो बनाउँदै प्रजातिकेन्द्रित पारिस्थितिक प्रणालीको विकास

गर्ने मार्गदर्शक सिद्धान्त तय गरेको छ (संरक्षित क्षेत्र व्यवस्थापन रणनीति, २०२२)। प्रधानमन्त्रीदेखि जनतासम्मको संरक्षण संरचना, संरक्षणको संयुक्त प्रयास, संयुक्त अपनत्वले नेपालको संरक्षण मोडल सफल देखिन्छ। पटक पटक शून्य चोरी शिकारको अवस्थामा पुग्नु सुरक्षा रणनीतिको सफलता हो। छुट्टिएर रहेका सुरक्षा पोष्टहरूमा रहेका सैनिक व्यक्तिहरूमा रहेको पेशागत ज्ञान, अनुशासन र संरक्षण प्रतिको लगाव उत्कृष्ट देखिन्छ। सैनिक कला सिकेका सुरक्षाकर्मीहरू संरक्षण जस्तो फरक जिम्मेवारी निर्वाहमा समेत उत्कृष्ट देखिन्छ। संरक्षणमा खट्टिएका नेपाली सेनाका युनिटहरूले यस जिम्मेवारीलाई नागरिक-सेना सम्बन्ध  विस्तारको अवसरको रुपमा उपयोग गरेका छन्। आर्थिक वर्ष ०७९/८० मा गैंडा रहेका क्षेत्रमा तैनाथ युनिटहरूले १९२७०४ वटा सैनिक गतिविधि संचालन गरेका छन्। सोही अवधिमा अवैध रुपमा संरक्षित क्षेत्रमा प्रवेश गर्ने १००१५ जनालाई नियन्त्रणमा लिई आवश्यक कानुनी प्रकियाका लागि निकुञ्ज कार्यालयमा बुझाएको छ (निर्देशनालय, २०८०)। संरक्षणमा खट्टिएका सुरक्षा फौजहरूले मानव-गैंडा द्वन्द्व न्यूनिकरणको लागि प्रत्यक्ष भूमिका खेलिरहेका छन। गैंडा समुदाय खेतीपातीमा निस्कँदा कोर इलाकामा धपाउने, घाईतेहरूको तत्काल उद्धार गर्ने, गैंडाबाट कसरी बच्ने भनेर समुदायलाई सचेत गराउने कार्यसमेत सुरक्षाकर्मीले गर्दै आएका छन्। आर्थिक वर्ष ०७९/८० मा गैंडा रहेका क्षेत्रमा तैनाथ युनिटहरूले स्थानीय जनताहरूलाई २६३ वटा सचेतना कायंक्रमहरू संचालन गरी १७१७७ जनालाई संरक्षित क्षेत्रभित्र निषेध कार्यहरू, वन्यजन्तुबाट बच्ने तरिका लगायतका जानकारी प्रदान गरेका छन् (निर्देशनालय, २०८०)।

**गैंडा संरक्षण सुरक्षाका सुधार गर्नुपर्ने पक्षहरू**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावलीमा संरक्षण कार्यमा तैनाथ सुरक्षाकर्मीहरूका बारेमा स्पष्ट रुपमा कानुनी प्रबन्ध गरी कार्यक्षेत्र र जिम्मेवारीलाई नीतिगत व्यवस्था गर्न अपरिहार्य छ। गैंडा सुरक्षाका लागि प्राप्त स्रोतहरू पर्याप्त छैनन्। आर्थिक वर्ष ०८०/८१ मा संरक्षणमा खटिएका सुरक्षाकर्मीको लागि विनियोजन भएको बजेटको ९८.७२ प्रतिशत रकम नियमित तलब भत्ता, लत्ता कपडा लगायत नियमित कार्यमा खर्च हुने देखिन्छ (वार्षिक विनियोजन, ०८०/८१)। बाँकी रहेको १.२८ प्रतिशत रकमबाट पर्याप्त रुपमा बासस्थानमा सुधार, सवारी साधनको व्यवस्थापन, प्रविधिको व्यवस्था, मिलापको व्यवस्था गर्न सकिने अवस्था छैन। सुरक्षाका लागि तत्कालीन आवश्यकता अनुसार स्थापना भएका सुरक्षा पोष्टहरू गैंडाको वासस्थानमा भएको परिवर्तन तथा सुरक्षा चुनौती अनुसार स्थानान्तरण  गर्नुपर्ने देखिन्छ। प्रविधिले संरक्षण सुरक्षामा पार्ने सकारात्मक प्रभावको अनुसन्धान गरी ड्रोन, जासुसी क्यामेराको तत्काल प्रबन्ध आवश्यक छ। संरक्षण कार्यमा खट्टिएका सुरक्षाकर्मीका लागि अनुकूल गस्ती उपकरणको व्यवस्था गर्ने, जंगलमा सुरक्षा गतिविधि संचालन गर्न आवश्यक उपकरणको व्यवस्था गर्न आवश्यक छ। नदीहरूमा अनुकूल डुङ्गा, रात्रिकालीन सुरक्षा कार्वाहीका लागि उज्याला उपकरणहरूको पर्याप्ततामा ध्यान दिन आवश्यक छ। सुरक्षा रणनीतिको तय, कार्यान्वयन, अनुगमन र समीक्षा नियमित संयुक्त रुपमा संयुक्त अपरेशन सेलबाट गर्नेगरी प्राथमिकता निर्धारण गर्न आवश्यक छ (फिल्ड सर्भे, २०८०)। गैंडाको स्थायी बासस्थान, घाँसे मैदान, पानीघोल र सुरक्षा पोष्ट बीच पहुँच स्थापना गर्न गस्ती गर्ने बाटोको व्यवस्था, निकुञ्ज भित्रको अग्नि रेखाहरु वर्ष भरिनै सुचारु राख्ने, चुरे तथा घांचको नियमित निगरानीको व्यवस्था गर्ने, सुरक्षा संवेदशीलताको नियमित समीक्षा गरी सोही अनुसार सुरक्षा गतिविधि संचालन गर्न जरुरी छ। गैंडाको चोरी शिकार नियन्त्रण गर्न सजाय पाएका पूर्व शिकारीहरुको विवरण संकलन, निगरानी, वैकल्पिक आयआर्जनको व्यवस्था नियमित गरिनु पर्दछ। घाँसे मैदानको नियमित व्यवस्थापन नहुदा गैंडाहरु मध्यवर्ती क्षेत्रमा बढी आउने देखिएकाले घँसे मैदानको उचित प्रबन्ध, कर्मचारीहरुको क्षमता अभिवृद्धिसँगै निकुञ्जमा रहेको चोरी शिकार प्रतिरोध एकाइको संरचनागत सुधारमा तत्काल कदम चालिनु पर्दछ। स्थानीय जनताको अपनत्व र संलग्नता बिना गैंडा संरक्षण तथा व्यवस्थापन सम्भव छैन, अतः संरक्षण कार्यमा जनताको सहभागिता हुने गरी समुदायमा आधारित चोरी शिकार प्रतिरोध एकाइको क्षमता अभिवृद्धि गर्दै मध्यवर्ती क्षेत्रलाई थप कानुनी अधिकार दिई संरक्षणमा अपनत्व जगाउने

तथा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न राहत बाहेकका अन्य वैकल्पिक कार्यक्रमको नियमितता गर्न सकिएमा सुरक्षा चुनौतीलाई केही हदसम्म सम्बोधन गर्न सकिन्छ ।

सुरक्षा संवेदनशीलताको आँकलन नगरी र संवेदनशीलता अनुसार सुरक्षा रणनीति तर्जुमा नगरी व्यवस्थापन सफल हुँदैन । संरक्षणप्रति स्थानीय जनताको अपनत्वको वातावरण सिर्जना गर्नसमेत सुरक्षा अति आवश्यक पर्दछ । दुरुस्त सुरक्षा प्रबन्धका लागि अनुकूल कानुनी प्रबन्धसहित वैज्ञानिक तैनाथी, पर्याप्त स्रोत साधन र त्यसको समानुपातिक परिचालन, संचालित सुरक्षा गतिविधिको लेखाजोखा र परिमार्जनको साथै दण्ड र पुरस्कारको प्रभावकारी कार्यान्वयन आवश्यक छ । सुरक्षाका विविध आयामलाई निकुञ्जका संरक्षकले बुझ्नु र सोही अनुसारको व्यवस्थापन योजनामा सुरक्षा प्रबन्धलाई समावेश गर्न ढिलो भइसकेको छ ।

**निष्कर्ष तथा सिफारिसहरू**

झन्डै ५ दशकदेखि संरक्षण सुरक्षामा नेपाली सेना खटिएको भएतापनि कानुनी रुपमा कार्यक्षेत्र र जिम्मेवारी तय नहुँदा प्राथमिकता निर्धारण हुन सकेको छैन । संरक्षण शिक्षाको आयाम परिष्कृत नहुँदा र सुरक्षा रणनीति अनुसारको स्रोतको व्यवस्था नहुँदा प्रकृति संरक्षण सुरक्षाकार्य परम्परागत रुपमा संचालन भएको देखिन्छ । तत्काल गैँडा संरक्षणको एकीकृत मार्गचित्र तय गरी शून्य वन्यजन्तु अपराधको अवस्था सिर्जना गर्न ढिलो हुँदा चोरी शिकारी सलबलाउने र सेनाको व्यवस्थापकीय कमजोरीलाई कारण मानी सुरक्षा फौजप्रतिको आक्षेप सतहमा आउने देखिन्छ । स्थायी प्रकृतिका तत्कालीन आवश्यकता अनुसार स्थापना भएका सुरक्षा पोष्टहरूको सुरक्षा चुनौती र गैँडाको उपस्थिति अनुसार स्थानान्तरण आवश्यक छ । साथै कर्मचारी र हात्तीहरूको प्रभावकारी उपस्थिति एवम् प्रयोगको एकिन गर्न आवश्यक छ । भारतँग सीमा जोडिएका गैँडा पाइने क्षेत्रको सुरक्षा र अनुगमनको व्यवस्था आवश्यक छ । आवधिक रुपमा परिवर्तन हुने सुरक्षाकर्मीहरूलाई सोही अनुसार क्षमता अभिवृद्धिको पाठ्यक्रम तयार गरी लागु गर्ने, संयुक्त तालिममा जोड दिने साथै नेपालको प्रकृति संरक्षण सुरक्षा अवधारणाको अध्ययन अनुसन्धान गर्न उपयुक्त हुने गरी प्रकृति संरक्षण शिक्षालयको स्तरीकरण आवश्यक छ । संरक्षणमा खट्टिएका कर्मचारी, सुरक्षाकर्मी, मध्यवर्ती, संरक्षण साझेदारको भूमिका स्पष्ट पारी, प्रविधिको प्रयोग र निरन्तरताको सुनिश्चितता गर्दै सुरक्षाकर्मीको क्षमताको पूर्ण उपयोग गर्न सबलीकरणको आवश्यकता छ । चोरी शिकार नियन्त्रण गर्न एकीकृत मार्गचित्रसहित शिकारीहरुको प्रोफायल तयार गर्ने, चोरी शिकार नियन्त्रण एकाइलाई सबलीकरण गर्ने, सुराकी परिचालन र सूचना संकलनमा व्यावसायिक हुने र कोर क्षेत्रभित्रका अवैध गतिविधि नियन्त्रणमा कठोरपनको आवश्यकता छ । प्रकृति संरक्षण सुरक्षा कार्यको कठिनता, जटिलता र अपरिहार्यताको विश्लेषण गरी प्रोत्साहन र बिमाको प्रबन्ध गरिनु पर्दछ । केन्द्रीय स्तरदेखि जिल्ला स्तरसम्म गठन भएका वन्यजन्तु अपराध नियन्त्रण समितिहरूको प्रभाव विस्तार गर्ने, चोरी शिकार नियन्त्रण युवा संजाललाई थप प्रभावकारी बनाउने रणनीति तय गर्ने तथा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक योजना तय गरी पोष्ट तहसम्म प्राविधिक क्षमताको बिस्तारमा ढिलाइ हुँदा हुन सक्ने क्षतिको आँकलन गरी एकीकृत योजना र कार्यान्वयनमा बिलम्ब गरिनु हुँदैन । संरक्षणमा स्थानीय जनताको अपनत्व विकास गर्न दीर्घकालीन कार्यक्रम र सोको निरन्तरता, वैकल्पिक आय आर्जनको सुनिश्चतताका लागि थप पहलकदमी जरुरी छ ।

**सन्दर्भ सामग्री**

*कान्तिपुर दैनिक* (९ आश्विन २०८०) : चितवनबाट पुष्पा र अञ्जली कोशीटप्पु तर्फ

*चितवन राष्ट्रिय निकुञ्ज नियमावली,* २०३० (दफा ६, ७ र २२)

नरेश सुवेदी, गोविन्द पोखरेल (५ आश्विन २०८०) : गैँडा जोगाउने चुनौती, *कान्तिपुर दैनिक*

नेपालको संविधान (२०७२) (पेज १६, १७ र २९)

वार्षिक प्रतिवेदन (२०७६-७७) चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन

वार्षिक प्रतिवेदन (२०७७-७८) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, ववरमहल, काठमाण्डौ (पेज ७०-७८)

वार्षिक प्रतिवेदन (२०७९-८०) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, ववरमहल, काठमाण्डौ (पेज १५, ३६-३७)

वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०

राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको गठन तथा काम, कर्तव्य र अधिकार, २०६७

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावली, २०३०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयको संशोधित स्थायी कार्य संचालन विधि, २०६७

श्रेष्ठ तीर्थ बहादुर (साउन, २०७६) नेपालमा नखुलेका पाटाहरु (पेज २३३-२४०)

*सिपाही विशेषाङ्क* (२४ भदौ २०७७) : प्रकृति र वातावरणमा नेपाली सेनाको पहलकदमी र उपलब्धिहरु, सेना रुपान्तरणका दुई वर्ष (पेज १७३-१७८)

*सिपाही पाक्षिक विशेषाङ्क* (२३ जेठ २०७८) : प्रकृति र पर्यावरण

अन्तरवार्ता: डा. नरेश सुवेदी (२४ भाद्र २०८०), डा. गणेश पन्त (१६ आश्विन २०८०)

Amnesty International & CSRC. (2021). Violations in the name of conservation Amnesty International, August 202 1 (pp. 17-20).

Adhikari, P. (2023) : Nepal Army's Role in Conservation. *Unity Journal*, IV, 372-384.

Adhikari, P. (August 2012): Natural Resources Conservation and Tourism Management A case study from Ghandruk VDC, Bffectiveness in Annapurna Conservation Area Kaski, Nepal). Thesis submitted for partial fulfillment of the requirments for of the degree of Master of Science in Forestry, Tribhuvan University, Institute of Forestry, Pokhara, Nepal (p. 4).

Chitwan National Park Management Plan, 2019-2023 (pp. 46-49)

Conservation Effectiveness of Banke National Park (2018). Research and Development Cent (RDC)- Nepal, Anamnagar, Kathmandu, Report Submitted to DNPWC, Babarmahal Kathmandu (p. 24)

Initial Management Efectiveness Evaluation Report: Royal Chitwan National Park, Nepal August 2003, UNESCO- IUCN Enhancing our heritage report : Monitoring and Managing for success in Natural World Heritage Sites.

James, Alexander N. et al (1999): A Global review of protected Area Budgets and Staff University of Cambridge and World Conservation Monitoring Centre.

Management Effectiveness Evaluation of National Parks and Wildlife Sanctuaries in India. Process and Outcomes (2018-2019) : Wildlife Institute of India.

Nepal's Sixth National Report to the Convention on Biological Diversity, Government of Nepal, Ministry of Forests and Environment, Kathmandu, Nepal, December 2018

Nepal Tourism Statistics 2019 : Ministry of Culture, Tourism and Civil Aviation, Singhadurbar, Kathmandu, 2020.

Pandit, R. et al (2021) : IPBES-IPCC co-sponsored workshop report on Biodiversity and Climate change.

Rai, Anu (2022) : A Discourse on Nepal Army's Role in Conservation. *Unity Journal*, III, 195-204.

Status of Tigers and Prey in Nepal. (2022). Department of National Park and Wildlite Conservation. Babarmahal, Kathmandu.

The Greater One-horned Rhinoceros Conservation Action Plan for Nepal (2017-2021), Department of National Parks and Wildlife Conservation, Babarmahal (p.26-28).

Upreti, Biswanath. (2017). Early Days of Conservation in Nepal, Nepal Biodiversity Researei Society, Lalitpur, 2017.

Wildlife Crime News. (202 1), SAWEN Secretatiat, Forestry Complex, Babarmahal, Kathmandu Nepal.

https://www.thethirdpole.net/en/nature/as-nepal-rhino-population-increases-are-threats-being-overlooked/: Govind pd pokhrel, April 5, 2023.

https://www.researchgate.net/publication/371688571_Plastic_ingestion_by_greater_one-horned_rhinos_in_Nepal_an_emerging_conservation_threat: Lamichhane, Mcconkey, & Awasthi.

https://dnpwc.gov.np/media/publication/Asian Rhino Conservation Declaration Chitwan 2023.pdf

"Nepal achieves 21% increase in rhino numbers". WWF Nepal. World Wildlife Fund. 5 May 2015. Retrieved 22 Oct 2023.

"State of the Rhino". International Rhino Foundation. 29 September 2020. Retrieved 20 September 2023.

-◆◆◆-